# कटहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कटहरी मोरंग
१ नं. प्रदेश नेपाल

प.स.
च.नं.

मिति २०७६/०३/१७

## ठेक्का पट्टा सम्बन्धी सार्वजनिक सूचना

प्रस्तुत विषयमा यस स्थानीय सरकार संचालन २०७४ मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०७६/२०७७ का लागी यस गाउँपालिका क्षेत्रिभित्रको हटीया कर,ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले तपशिलको शर्तहरुको अधिनमा रहि इच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुले तोकिएको अवधिभित्र रितपुर्वकको शिलबन्दी बोलपत्र पत्रमा भाग लिनहुन का लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का नं. | विवरण | न्यूनतम अंक | फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र बुझाउने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | गुद्री हटिया,कटहरि -३ | ६००००। | ५००। | २०७६/०३/२३ ५:०० वजे सम्म | २०७६/०३/२४ १२:०० वजे | २०७६/०३/२४ २:०० वजे | गा.पा.को कार्यालय |
| २ | कटहरी - जामुन गाछी-झोराहाट सडक | ४,५००००। | ५००। | २०७६/०३/२३ ५:०० वजे सम्म | २०७६/०३/२४ १२:०० वजे | २०७६/०३/२४ २:०० वजे | गा.पा.को कार्यालय |
| ३ | बुधहटिया– मिलनचोक जाने बाटो (कटहरी १) | १०००००। | ५००। | २०७६/०३/२३ ५:०० वजे सम्म | २०७६/०३/२४ १२:०० वजे | २०७६/०३/२४ २:०० वजे | गा.पा.को कार्यालय |
| ४ | बिज्ञापन कर | १०००००। | ५००। | २०७६/०३/२३ ५:०० वजे सम्म | २०७६/०३/२४ १२:०० वजे | २०७६/०३/२४ २:०० वजे | गा.पा.को कार्यालय |

१. यो गोप्य शिलबन्दी बोलपत्र प्राप्त गर्ने मिति,समय र स्थान गाउँपालिकाको कार्यालय कटहरीमा मितिः २०७६ असार १८ गते देखि मितिः २०७६ असार २३ गते दिनको ५ वजेसम्म
२. गोप्य शिलवन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मितिः २०७६ असार २४ गते दिनको १२ बजेसम्म गाउँपालिकाको कार्यालय कटहरीमा हुनेछ ।
३. गोप्य शिलवन्दी बोलपत्रमा भाग लिनेको कबोल गरेको अंकको ५ प्रतिशत रकम राष्ट्रिय बाणिज्य बैंक कटहरीमा रहेको गाउँपालिकाको धरौटी खाता नं. २१९०३०३००७१०२ मा जम्मा गरी सक्कल भौचर शिलवन्दी बोलपत्रमा समावेश गर्न पर्नेछ ।
४. गोप्य शिलवन्दी बोलपत्र स्वीकृत गरेको मितिले ७ दिन भित्र सम्झौता गरि एक मुष्ठ ठेक्का रकम गाउँपालिकाको खातामा बुझाई बैंक भौचर पेश गरेनु पर्नेछ । एकमुष्ठ ठेक्का रकम बुझाउदा १० प्रतिशत सम्म छुट दिईनेछ ।
५.प्रत्येक ठेक्काको छुट्टा छुट्टै गोप्य शिलवन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।
६. उल्लेखित शर्त पुरा नगरेमा ठेक्का स्वीकृत भई सकेपछि पनि ठेक्का बदर गर्न सकिने छ । ठेक्का स्वीकृत भएपछि ठेक्केदारले पुरा गर्नु पर्ने शर्त पुरा नगरेको कारणबाट ठेक्का शदर गर्नु परेमा ठेक्केदारको धरौटी रकम समेत जफत हुने छ ।
७. ठेक्का सम्झौता भएपछि बन्द हडताल चक्का जाम जस्ता कारण देखाई ठेक्का दर कर छुट वा मिनाहाको लागी दिईने निवेदन उपर कुनै कारवाहि हुने छैन । र छुट वा मिनाहा हुने छैन ।
८. नेपाल सरकार गाउँपालिकाले समय समयमा दिएको निर्देशन पूर्ण पालना गर्नु पर्ने छ । साथै ठेक्का सम्बन्धीत कुनै विवाद भएमा गाउँपालिकाको निर्यण अन्तिम हुनेछ ।
९. करको दर रेटहरु गाउँपालिकाले उपलब्ध गराएको अनुसार असुल उपर गर्नु पर्नेछ ।
१०. हटियामा लाग्ने सरसफाई तथा कर्मचारी सम्बन्धी सम्पूर्ण खर्च तथा अन्य लाग्ने राजस्व ठेक्केदारले व्यहोर्नु पर्नेछ ।
११. फारममा अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । कुनै पनि केरमेट भएमा अक्षरमा लेखिएको कबुल अंकलाइ सदर गरिनेछ ।
१२ गतविगतमा गाउँपालिकाको ठेक्का बुझाउनु पर्ने रकम बक्यौता रहेको व्यक्ति वा परिवारको अन्य सदस्य ठेक्कामा सहभागी हुन पाउदैन ।
१३. फारम खरिद गर्न लिखित निवेदन साथ नेपाली नागरिकताको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
१४. म्याद नाघी र रित नपुगी प्राप्त फारम उपर कुनै कारवाहि हुने छैन ।
१५. उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ ।
१६. ठेक्का अवधि २०७६ श्रावण १ देखि २०७७ असार मसान्त सम्मको लागी हुनेछ
१७. अन्य जानकारीको लागी गाउँपालिकाको कार्यालय कटहरी सम्पर्क राख्नु होला ।

प्रमुख प्रशासकिय अधिकृत